# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश**

**२०७९**

नगरसभाको बैठकमा मिति २०७९ असार ९ गते बिहीबार
नगर प्रमुख श्री पुष्प वादीज्यूद्वारा
प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

रुकुम (पश्चिम)

**कर्णाली प्रदेश**

**२०७९**

**चौरजहारी नगरपालिकाको यस गरिमामय सभाका सदस्यहरू,**

१. नेपाली जनताको पटक-पटकको लामो सङ्घर्ष र बलिदानको उपलब्धि स्वरूप जारी भएको नेपालको संविधानबमोजिम गठित यस चौरजहारी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा जनताको प्रतिनिधिका रूपमा पहिलो पटक चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

२. यस अवसरमा चौरजहारी नगरपालिकाको स्थानीय तह निर्वाचन, २०७९ मा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदमा निर्वाचित गराउने आम मतदाता तथा चौरजहारी नगरवासी जनसमुदायमा हार्दिक आभारसहित विशेष धन्यवाद व्यक्त गर्दछु । २०७४ सालमा भएको स्थानीय तह पहिलो निर्वाचबाट निर्वाचित भइ चौरजहारी नगरपालिकाको समृद्धि र विकासको जग खडा गर्नुहुने प्रथम नगर प्रमुख विशाल शर्मा र उपप्रमुख राधा रोकासहित कार्यपालिका सदस्य र नगर सभाका सदस्यज्यूको मुक्तकण्ठले प्रशंसा गर्दछु । लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशीता, धर्म निरपेक्षता, सामाजिक न्यायका लागि जनयुद्ध, जनआन्दोलन लगायतका अन्य सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात महान सहिदहरूप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भइ योगदान गर्नुभएका सबै व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।

**सभाका सदस्यज्यूहरू !**

३. आर्थिक समृद्धि र विकासको दीर्घकालीन लक्ष्य प्राप्तिका लागि उत्पादनको माध्यमबाट स्वरोजगार बन्ने योजना तथा कार्यक्रम कार्यान्वयन गरी आत्मनिर्भरताको माध्यमबाट नगरपालिकामा रहेको गरिबी तथा बेरोजगारीको विद्यमान अवस्था अन्त्य गर्न नगरपालिका प्रतिवद्ध रहेको छ । शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारीका साथै मानव संसाधन विकास र नागरिक शिक्षाको प्रवर्धनको प्राथमिकतालाई नगरपालिकाले प्राथमिकता दिनेछ ।

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

४.नेपालको संविधानमा उल्लेखित मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरू, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, कर्णाली प्रदेश सरकारको प्रथम आवधिक योजना, दीगो विकास लक्ष्य, नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धता, आर्थिक वर्ष २०७९/०८० को सङ्घीय सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यलाई आत्मसात गरी चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

५.आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण: चौरजहारी नगरवासीको पहिचान' को दीर्घकालीन सोच हासिल गर्न योजनावद्ध विकास गरिनेछ। आवधिक योजना, परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ आगामी कार्यक्रमहरू केन्द्रित हुनेछन् ।

## शिक्षा

६.प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षकहरू कक्षाकोठामा तयारीका साथ जानुपर्ने व्यवस्था मिलाइनेछ। पाठ्यपुस्तक रहित पाठ्यक्रम सहित कक्षाकोठामा शिक्षक प्रवेश अभियान सञ्चालन गरिनेछ। विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन तथा निजीस्रोत शिक्षक विहीन नगरपालिका बनाउन नगर शिक्षक परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । नक्साङ्कनको आधारमा विद्यालय समायोजन एवम् पुन:वितरण गरिनेछ।

७. संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति गरिने छ । त्यसका लागि प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता गरिनेछ । पूर्वाधार सम्पन्न, बालमैत्री विद्यालय निर्माण गरिनेछ।

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

८. विद्यालय शिक्षामा नवीनतम् सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिइनेछ। एक **‘कक्षाकोठा एक ल्यापटप : एक कक्षाकोठा एक प्रोजेक्टर’** को दीर्घकालीन सोच पूरा गर्न साझेदारीमा ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ।

९. सबै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार र नियमित गरिनेछ। विद्यायहरूमा इ-हाजिरी जडान गरी शिक्षक कर्मचारीहरूको उपस्थित प्रतिशत वृद्धिगरी थप जिम्मेवार र लगनशील बनाइनेछ । बालविकास कक्षालाई प्रविधियुक्त बालमैत्री बनाउदै लिइनेछ । स्मार्ट टिभीसहितको प्रविधियुक्त नमुना बालविकास कक्षा बनाइनेछ। बालविकास र विद्यालय कर्मचारीहरूको तलब वृद्धि गरिनेछ।

१०. हाम्रो चौरजहारी स्थानीय पाठ्यक्रमको मर्म अनुरूप प्रत्येक विद्यालयमा पोषण बगैचा बनाइनेछ। शिक्षकको पेसागत सिप र क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था मिलाइनेछ। प्रधानाध्यापक, विद्यालय कर्मचारी र बालविकास शिक्षकहरूलाई कार्यालय सञ्चालन तथा शिक्षण सिकाइ सहजीकरण सम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ। प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र नगरपालिकाबीच निरन्तर अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। विद्यार्थी मूल्याङ्कन प्रणालीलाई विश्वसनीय र वस्तुनिष्ट बनाइनेछ। एकीकृत पाठ्यक्रममा आधारित विद्यार्थी मूल्याङ्कनलाई सहज रूपमा लागू गर्न आवश्यक सामग्रीको व्यवस्था मिलाइनेछ।

११. **‘अतिथि शिक्षक शिक्षण कार्यक्रम’** सञ्चालन गरिनेछ। त्यसका लागि कम्तिमा महिनाको एक पटक छिमेकी विद्यालयमा मुख्य विषयका शिक्षकले शिक्षण गरी सिकाइ अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई नियमित बनाइनेछ। शिक्षक पेसागत सहयोगका लागि पालिकास्तरमा विज्ञ समूह र क्षेत्रगत र विद्यालय स्तरमा शिक्षक सिकाइ समूह गठन गरी सिकाइ अनुभव आदानप्रदान र शिक्षण सिकाइका समस्या समाधान गर्ने चौतारीका रूपमा विकास गरिनेछ। वर्षमा कम्तिमा दुई

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

पटक विद्यालय सुधारका लागि सरोकारवालासँग विद्यालयहरूले अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१२. विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलापले भविश्यको जीवन जीउने आधार बनाउँछ। विद्यालयमा अतिरिक्त क्रियाकलाप अनिवार्य गराइ नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र पढाइ मेला सञ्चालन गरिनेछ । विस्तृत अध्ययनसहित चौरजहारी नगरपालिकाको पञ्चवर्षीय आवधिक शिक्षा योजना बनाइनेछ। अभिभावकको चाहना अनुरूप तल्ला कक्षाहरूमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्न आवश्यक प्रोत्साहन गरिनेछ। असहाय, अनाथ र जोखिममा परेका बालबालिकाहरूहरूको अभिभावकत्त्व ग्रहण गर्ने अभिभावकहरूलाई सम्मान गरिनेछ।

१३. सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्डको नीति अवलम्बन गरिनेछ । उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गरिनेछ। कार्यसम्पादन न्यून रहेका, गैरजिम्मेवार रूपमा प्रस्तुत हुने र पदीय जिम्मेवारी, दायित्व र आचरण विपरीत कार्य गर्ने शिक्षक र कर्मचारीलाई दण्डित गरिनेछ। प्रधानाध्यापकसँगको कार्यसम्पादन करार नवीकरण गरी थप जिम्मेवार बनाइनेछ । नियमानुसार प्रधानाध्यापकले पाउने प्र.अ. भत्तामा शतप्रतिशत वृद्धि गरिनेछ । बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूको तलब वृद्धि गरिनेछ। राम्रा अभ्यासको अनुकरणगरी आफ्नो कार्य क्षेत्रमा लागू गर्न शिक्षकहरूलाई भ्रमणको व्यवस्था मिलाइनेछ ।

१४. टोल पढाइ तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप गुणस्तरीय र व्यवस्थित बनाइनेछ। विद्यालयमा जङ्कफुड बन्देज गरी जङ्कफुड तिरस्कार अभियान सञ्चालन गरिनेछ। स्वच्छ र मनोरम वातावरणका लागि हरित विद्यालय बनाउन एक शिक्षक एक विरुवा कार्यक्रम सञ्चालन गरिनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

१५. साहित्य, कला, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिनेछ । समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैंगिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ । युवाहरूका लागि व्यवसायीक योजना तथा सकरात्मक सोच सम्बन्धी अभिमुखीकरण गरिनेछ ।

## स्वास्थ्य सेवा

१६. **'प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा'** भन्ने नारा अवलम्बन गरिनेछ । त्यसका लागि स्वास्थ्य क्षेत्रको सबलीकरण गर्न आधारभूत स्वास्थ्य सेवा र खोपको सुनिश्चिता गरिनेछ । सङ्घीय सरकार र चौरजहारी अस्पतालसँगको सहकार्यमा मेडिकल कलेज सञ्चालनका लागि पहल गरिनेछ । औषधी एवम् उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास लगायतका कार्यलाई प्राथमिकता दिइनेछ । त्यसैगरी स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित सबै जनशक्तिको क्षमता विकास गरिनेछ । सहिदस्मृति नगर अस्पताललाई पूर्वाधार, उपकरण र जनशक्तिले थप व्यवस्थित र सुविधा सम्पन्न बनाइनेछ ।

१७. नगरवासी सबैलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराइनेछ । जनयुद्ध तथा जनआन्दोलनका घाइते, सहिद परिवार, वादी समुदाय लगायत विपन्न परिवारलाई परिचय पत्रका आधारमा नि:शुल्क स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाइनेछ । महिला स्वास्थ्य स्वयंसेवीकाहरूको योगदानको कदर गर्दै सम्मान गरिनेछ ।

१८. आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवम् वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ । सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्रहरू स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

१९. नगरपालिकाभित्र भएका एम्बुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ। सुत्केरी महिलाहरूलाई पूर्ण नि:शुल्क, ७० वर्ष माथिका जेष्ठ नागरिक, जनयुद्ध जनआन्दोलनका घाइते र अपाङ्ग, सहिद परिवार एकाघरका सदस्यहरू, पूर्ण अशक्त अपाङ्ग र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरू एवम् अतिविपन्न गरिब परिचयपत्र प्राप्त गरेका व्यक्तिहरूलाई सहुलियत रूपले नि:शुल्क एम्बुलेन्स सेवा र नगर बस सेवा उपलब्ध गराइनेछ । नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका निजी क्लिनिक, पोलिक्लिनिक, अस्पताल, फार्मेसीहरू मापदण्डअनुसार सञ्चालन हुने नीतिलाई निरन्तरता दिइनेछ।

२०. **'रोग लागेपछि उपचार गरेर सन्चो हुनुभन्दा रोग लाग्न नदिनु नै वुद्धिमानी हुन्छ'** भन्ने मान्यतालाई आत्मसात गरिनेछ। स्वस्थ जीवनशैलीतर्फ प्रोत्साहनका लागि समुदाय स्तरमा सामाजिक परिचालनका माध्यमबाट स्वास्थ्य जागरण तथा प्रवर्दनात्मक कार्यक्रम जारी गरिनेछ।

## आर्थिक विकास

२१. युवा लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। एक वडा एक नमुना उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। बिना धितो सहकार्य समूहमार्फत् सहुलियत दरको ऋण प्रदान गरिनेछ।

२२. कृषिमा आधारित उद्योग व्यवसायलाई प्रवर्धन गरिनेछ । कृषिको विविधिकरण, व्वयवसायीकरण र यान्त्रीकरणको लागि सङ्घ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ। कृषकहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२३. रोजगार सिर्जना, खाद्यन्नमा आत्मनिर्भर, गरिबी र भोकमरी अन्त्यका लागि जमीनको सही सदुपयोग हुन आवश्यक छ। **'बारीका पाटा र खेतका गरा : बनाऔं सधैं हराभरा'** भन्ने नारासहित कृषकहरूलाई कृषिजन्य उत्पादनका लागि प्रोत्साहन गरिनेछ। त्यसका लागि खेतीयोग्य जमीनको उत्पादनशील उपयोग गरिनेछ। खेतीयोग्य जमीन बाँझो राख्न

गौरजहारी नगरपालिका रुकुम (पश्चिम)

नपाइने नीतिलाई निरन्तरता दिइनेछ। सिंचाइ पूर्वाधारको निर्माण तथा मर्मत सम्भारलाई प्राथमिकता दिइनेछ।

२४. विपन्न नागरिकहरूका लागि खाद्यन्न लगायतका दैनिक उपभोग्य सामग्री सुपथ र सहज रूपमा उपलब्ध गराउनु स्थानीय सरकारको पनि दायित्त्व हो । त्यसका लागि नगरपालिकाले सुपथ मूल्यका पसल सञ्चालन गर्ने कार्यलाई व्यवस्थित रूपले सञ्चालन गरिनेछ।

२५. सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा कम्तिमा एक कृषि बजार, कृषि एम्बुलेन्स सेवा सञ्चालनका साथै बिउ उत्पादन तथा प्रशोधन भण्डारण केन्द्र, दुध र खसी सङ्कलन तथा प्रारम्भिक प्रशोधन केन्द्र, खाद्य भण्डार केन्द्र, कृषि सामग्री केन्द्र, कोल्ड स्टोर निर्माणका लागि पहल गरिनेछ। सङ्घ र प्रदेशको साझेदारीमा एक वडा एक कृषि प्राविधिकको व्यवस्था मिलाइनेछ। खाना नपुग्नेलाई पुग्ने बनाउने, पुग्नेलाई बचत र बचत भएकोलाई लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

२६. नगरपालिकाबाट नै लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण र नियमन हुने व्यवस्था कार्यान्वयन गरिनेछ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी बनाइनेछ। परम्परागत पेसा र सिपको प्रवर्धन गर्दै स्वरोजगार र आत्मनिर्भरतामा केन्द्रित गरिनेछ।

२७. सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा किसान सूचीकरण गरी किसान परिचयपत्र उपलब्ध गराइनेछ । परिचयपत्र प्राप्त किसानहरूलाई उत्पादनको आधारमा अनुदान दिइनेछ। नगरपालिको क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरूको नियमन र व्यवस्थापन गरिनेछ। सबै सहकारी संस्थाहरूलाई व्यवस्थित बनाउन सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ।

२८. आफ्नो सम्पूर्ण जीवनकाल कृषि व्यवसायमा व्यथित गर्ने किसानहरूलाई मध्यनजर गरी कृषक पेन्सन कार्यक्रम लागू गर्ने प्रयोजनार्थ स्थापना भएको कृषक पेन्सन कोषमा रकम जम्मा गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ । त्यसका लागि सङ्घ र प्रदेशसँग पनि सहकार्य गरिनेछ ।

२९. सङ्घ र प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा भू- उपयोग योजना तर्जुमा गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । जग्गा उपभोग गरे वापत् कानुनबमोजिम नगरपालिकामा राजश्व तिर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ । भूमीसम्बन्धी समस्या समाधान आयोगसँगको समन्वयमा भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासको समस्या समाधान गरिनेछ ।

३०. रोजगार सृजनाका अवसरहरू वृद्धि गर्न सङ्घ र प्रदेश सरकारसँगको पहलमा चौरजहारी नगरपालिका ११ मा उद्योग सञ्चालन गरिनेछ। उक्त स्थानमा बीउँ प्रशोधन उद्योग, दाना, कापी, जुस र गार्मेन्ट लगायतका उद्योग चौरजहारी उद्योग बोर्ड गठन गरी सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

३१. विशेष गरी महिला उद्यमीहरूबाट उत्पादित वस्तुहरू सङ्कलन गरी विक्री गर्न तथा उद्यमीहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ, मेसिन औजार आपूर्ति गर्न कोशेलीघर स्थापना गरी सञ्चालन गरिनेछ ।

३२. आयआर्जन, संस्कृतिको आदानप्रदानका र पुनतार्जगीका लागि पर्यटन आवश्यक छ । चौरजहारी नगरपालिकामा पनि पर्यटन प्रवर्धनका लागि राम्रो सम्भावना रहेको छ । सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा भेरी नदीमा र्‍याफ्टिङ व्यवसाय सञ्चालन, मालिका, लापुले गाउँ देवल, शिवगुफा, चमेरे गुफा, मालिका चौरजहारी प्यारागलाइडिङ र चमेरे गुफा क्षेत्रमा बन्जीजम्पका लागि सम्भाव्यता अध्ययन गरिनेछ । पर्यटन पूर्वाधार निर्माण गरी पर्यटनका लागि आकर्षक गणतव्यका रूपमा विकास गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

३३. साहित्य, कला, सांस्कृतिक सम्पदा हाम्रो मौलिक पहिचान हुन्। त्यसैले सु-संस्कृति, कला, लोकसङ्गीत, जनसङ्गीत, पुरातात्विक सम्पदाहरूको संरक्षण तथा जगेर्ना गरिनेछ।

**पूर्वाधार विकास**

३४. ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नती गरिनेछ। सङ्घ र प्रदेशसँगको सहलगानी तथा सहकार्यमा सबै सडकहरूको स्तरोन्नती गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइनेछ। नगरपालिका क्षेत्रभित्र सहज आवतजावतका लागि नगर बस सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ। नगरपालिलका सबै वडासम्म नगर बस सञ्चालनको प्रभावकारी व्यवस्था मिलाइनेछ। हरित सडकको अवधारणा अनुरूप सडक छेउमा रुख रोप्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

३५. नयाँ सहर आयोजनासँगको समन्वयमा निर्माणाधीन पक्की सडकहरूको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ। बसपार्कलाई थप व्यवस्थित गरिनेछ।

३६. नेपाल भूकम्प जोखिममा रहेको विश्वको ११ औं मूलुक हो। हाम्रो क्षेत्र पनि भूकम्पको उच्च जोखिममा छ। भवन लगायतका भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी बनाउन आवश्यक छ। यसका लागि राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको कडाइपूर्वक कार्यान्वयन गरिनेछ। नक्सा पास गरेर मात्र भवन निर्माण गर्न पाइने कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरिनेछ। नक्सा पास नगरी निर्माण भइरहेका भवनको अनिवार्य रूपमा अभिलेखीकरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३७. विद्युत लाइन पुग्न बाँकी  वस्तीहरूमा तीव्र गतिले विद्युत लाइन विस्तार गरिनेछ। वैकल्पिक ऊर्जा प्रवर्धनलाई प्रोत्साहन गरिनेछ। २० युनिटसम्मको विद्युत खपत गर्नेको लागि  विद्युत महसुल नि:शुल्क बनाउन पहल गरिनेछ।

३८. DPR भइसकेका सडक पुल र झोलुङ्गे पुलमा आवश्यक बजेट विनियोजनका लागि विशेष पहल गरिनेछ। पुल बनाउन आवश्यक ठाउँमा DPR को काम अगाडि बढाइनेछ।

३९. सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा सुख्खा खेतीयोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गरिनेछ । कृषिको उत्पादन र उत्पादकत्वलाई विश्लेषण गरी चौरजहारी टारसिंचाइ नहरको मर्मतको पहल गर्नुका साथै सम्भावित क्षेत्रहरूमा सिंचाइ कुलो र पोखरी निर्माण तथा पाइप खरिद गरी वितरण गरिनेछ ।

४०. प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत्  सिंचाइ, खानेपानी, पैदल मार्ग लगायतका पूर्वाधार निर्माणका साथै उत्पादनका क्षेत्रमा परिचालन गरिनेछ ।

४१. **'एक घर एक धारा'** को अभियानलाई निरन्तरताका साथै तीव्रता दिइनेछ । खानेपानी सुरक्षा योजना सञ्चालन गरिनेछ । निर्माण सम्पन्न भइसकेका खानेपानी आयोजनाहरू उपभोक्तामा हस्तान्तरण गरिनेछ । तिनको संरक्षण तथा मर्मत सम्भार गर्न उपभोक्ताहरूको सङ्गठित संस्था बनाइ कोष सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४२. खेलकुदको विकास र प्रवर्धनका लागि खेलकुद पूर्वाधार निर्माण गरिनेछ । चौरजहारी नगरपालिका वडा नं. २ मा  रङ्गशाला र कबड हल निर्माणका लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढेको छ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । एक वडा एक खेलमैदान निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि  बढाइनेछ । शारीरिक वृद्धि विकासका लागि खेल र किशोरीहरूका लागि आत्मरक्षा तालिम प्रदान गरिनेछ ।

४३. पूर्वाधार निर्माणमा उपभोक्तालाई जिम्मेवार बनाइनेछ । जनसहभागितामा आधारित १ करोडसम्मको निर्माण कार्यमा उपभोक्ता समिति तथा श्रम सहकारीमार्फत् निर्माण गर्न प्राथमिकता दिइनेछ । निर्माण कार्यको गुणस्तर प्रवर्धन र कानुनी प्रक्रियाबारे अभिमुखीकरणका लागि आवश्यक बजेटको व्यवस्था  गरिनेछ ।

## वन तथा वातावरण

४४. **'स्वच्छ वातावरण : स्वच्छ जीवन'** हरियाली चौरजहारी नगरको अभियान सञ्चालन गरिनेछ । जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि सुख्खा डाँडा तथा नदी

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

किनारका फाँटमा वृक्षारोपण अभियानका साथै वन तथा वन्यजन्तु विशेष सुरक्षित क्षेत्रको विकास गरिनेछ । त्यसका लागि वन नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइनेछ । सामुदायिक वन उपभोक्ता समितिलाई वन तथा वन्यजन्तु संरक्षणमा जागरूक र क्रियाशील बनाइनेछ ।

**४५.** वन तथा वातावरण जोगाउन तथा घरभित्रको धुँवा नियन्त्रण गरी भान्छामा काम गर्ने महिलाहरूको स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न सुधारिएको बनाउने तथा विद्युतीय चुलो जडान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

**४६.** बस्ती, टोल तथा गाउँको उचित स्थानको छनोट गरी वरपीपल रोपी संरक्षण गर्नेलाई प्रोत्साहन स्वरूप आर्थिक सहायता प्रदान गरिनेछ । चौतारी निर्माण तथा मर्मत सम्भारको कार्यमा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

**४७.** भौतिक संरचनाहरू निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ । पूर्वाधार विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि बायोइन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ ।

**४८.** वातावरणमैत्री विकासका लागि सबै सचेत र सजक बन्नुपर्ने अवस्था आएको छ । विकास गर्दा महत्त्वपूर्ण सम्पदाको संरक्षणमा सचेत बन्नुपर्छ । त्यसका लागि पर्यटकीय जङ्गल, पानीका मुहान भएका धार्मिक पुरातात्विक र वातावरणीय अनुकूलनका क्षेत्रहरूमा डोजर प्रयोग नगरी श्रम परिचालन मार्फत् पदमार्गहरू निर्माण गरिनेछ ।

**४९.** वातावरण अनुकूल दिगो विकासको लागि कानुनबमोजिम सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्थालाई कडाइपूर्वक कार्यान्वयन गरिनेछ ।

चौरजहारि नगरपालिका रुकुम (पश्चिम)

## विपद प्रतिकार्य, राहत तथा उद्धार

५०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी सोहीअनुसार विपद् व्यवस्थापनका कार्यहरू अगाडि बढाइनेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाका लागि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ । सङ्घ सरकारको सहयोग र सहकार्यमा दमकलको व्यवस्था गर्न प्रयत्न गरिनेछ ।

५१. प्रकोप व्यवस्थापन कोषलाई थप व्यवस्थित गरिनेछ । सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्राकृतिक प्रकोपको कारण घर संरचना पूर्ण रुपमा नष्ट भएका, जोखिमपूर्ण अवस्थामा रहेका वा आंशिक रूपमा क्षति भएका घरपरिवारको घर संरचना प्रबलीकरण, पुर्ननिर्माण तथा पुर्नस्थापनाको कार्य गरिनेछ ।

५२. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत् खर तथा फुसका छाना भएका घरहरू विस्थापित गरी सुरक्षित आवास निर्माण गरिनेछ । सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा भूमिहीन तथा घरवारविहीन विपन्न नागरिकहरूको आवास निर्माण गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

## संस्थागत विकास र सुशासन

५३. नगरका रणनीतिक महत्त्वका आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययनसहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी सङ्घ तथा प्रदेश सकारसँगको साझेदारीमा निर्माण कार्य अगाडि बढाइनेछ । अन्धाधुन्द बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभइ आवश्यकताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ । साना र प्रतिफल नदिने फजुल खर्च हुने आयोजनाहरूमा बजेट विनियोजन गरिने छैन । लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिनेछ ।

५४. वडाहरूमा प्रशासनिक तथा पूँजीगत बजेट निश्चित मापदण्डको आधारमा मात्र विनियोजन गरिनेछ। दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिनेछ। सङ्घ र प्रदेशबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन।

५५. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागित तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। वडास्तरीय एवम् नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको दक्षता अभिवृद्धिको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। फिल्डमा खटिने कर्मचारीहरूलाई फिल्ड प्रतिवेदन एवम् कार्यसम्पादन मूल्याङ्कनको आधारमा निश्चित मापदण्ड बनाइ प्रोत्साहन गरिनेछ।

५६. सिर्जनशीललाई प्रोत्साहन, उत्कृष्टलाई पुरस्कार र खराबलाई दण्डको मान्यता अनुरूप उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई पुरस्कृत गरिनेछ। नगरपालिकाको कार्यसम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचारविरुद्ध कठोर कदम चालिनेछ। कार्यसम्पादनलाई परिणामुखी बनाउन सबै शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरी सूचकहरूको आधारमा मूल्याङ्कन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

५७. राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइनेछ। प्रगतिशील करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अवलम्बन गरिनेछ।

५८. **'स्वस्फूर्त रुपमा तिरौं कर : आत्मनिर्भर बनाऔं चौरजहारी नगर'** भन्ने आदर्शलाई आत्मसात गरिनेछ। कर तिर्नु कर्तव्य र गौरव दुबै हो। कर सङ्कलन र करदाता शिक्षाको लागि नगर प्रहरी लगातयको संयन्त्र परिचालन गरिनेछ। कर सङ्कलनको कार्यलाई सरल, सहज, सुलभ र करदातामैत्री बनाइनेछ।

५९. नगरपालिकाबाट सम्पादन हुने सबै कार्यहरू एवम् सार्वजनिक सेवाप्रवाहलाई प्रविधिमैत्री बनाइनेछ । डिजिटल नागरिक बडापत्र लगायत नवीनतम् सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, परिणामुखी, चुस्तदुरुस्त, छिटोछरितो, पारदर्शी र अनुमानयोग्य बनाउने नीति लिइनेछ । नगर कार्यपालिकाको कार्यालयलाई थप व्यवस्थित बनाइ सेवा प्रवाहलाई सहज बनाइनेछ ।

६०. मुस्कानसहितको सार्वजनिक सेवा प्रवाह नगरपालिकाको मुलभूत आदर्श हुनेछ । कार्यालयमा सेवाग्राही सन्तुष्टि अवस्था अभिलेख गर्ने व्यवस्था मिलाइ सान्दर्भिक सुझाव कार्यान्वन गरिनेछ । सरल,सहज र नियमित रुपमा सूचना उपलब्ध गराइ सूचनाको हकको प्रत्याभूति गराइनेछ । पारदर्शिता र जनउत्तरदायी एवम् सुशासन प्रवर्द्धनका लागि नगर कार्यपालिकाको कार्यालय र सो मातहतका सबै निकायले नियमित सार्वजनिक सुनाइ गर्ने व्यवस्था मिलाइनेछ । सभा, सम्मेलन, बैठक लगायतका औपचारिक कार्यक्रमहरू निर्धारित समयमै सुरु र अन्त्य गर्ने संस्कारको विकास गरिनेछ ।

६१. स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका र अनलाइनलाई व्यवस्थित गरिनेछ । सञ्चार माध्यमहरूको पूर्वाधार विकास तथा कार्यक्रम उत्पादन र प्रशारणका लागि साझेदारी गरिनेछ । नगरपालिकाका गतिविधिहरू आम नागरिक समक्ष पुऱ्याउन नगर सेरोफेरो, शिक्षा सरोकार लगायतका रेडियो कार्यक्रमका साथै सूचना तथा सन्देश प्रशारण तथा प्रकाशनलाई निरन्तरता दिइनेछ । विद्युतीय र छापा माध्यमबाट सेवा प्रदान गर्ने स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहित गरिनेछ ।

६२. सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ । पत्रकारहरूको पेसागत क्षमता अभिवृद्धिको लागि सहयोग गर्न पत्रकारिता सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

६३. जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, नगर प्रहरी, शिक्षक सबैलाई कार्यसम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने र मासिक समीक्षा तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन पद्धति नमुना कार्यालय मापदण्ड लगायतका कार्यसम्पादनस्तर मापन गर्ने विकास गरिएका प्रणाली र कानुनी व्यवस्थाहरूको कडाइपूर्वक कार्यान्वयन गरिनेछ।

६४. सङ्गठन संरचना र दरबन्दी विवरणअनुसार कर्मचारीको व्यवस्था गरिनेछ। चुस्त र दुरुस्त सङ्गठन निर्माण गरिनेछ। सूचना प्रविधिको व्यापक प्रयोग गरी सार्वजनिक सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ। डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस वोर्ड, समायनुकूल सफ्टवेयरहरूको प्रयोग, डिजिटल हाजिरी लगायतको विद्युतीय प्रविधिहरूको प्रयोग नगरपालिकाका सबै निकायहरूमा अनिवार्य प्रयोग गरिनेछ।

६५. समाजमा शान्ति र अमनचयन कायम हुनका लागि समाजमा हेपिएको र चेपिएको महसुस हुने वातावरण हुनुहुदैन। आफ्नो क्षेत्राधिकारभित्र रही विवादको दीगो समाधान अर्थात् जीत जीतको अवस्था बनाउन मेलमिलापलाई प्राथमिकता दिनु सान्दर्भिक हुन्छ। त्यसका लागि न्यायीक समितिलाई सरल, सहजका साथै सुव्यवस्थित र चुस्तदुरुस्त बनाइनेछ। न्यायीक समिति, वडाका मेलमिलाप केन्द्रका पदाधिकारी तथा स्थानीय अगुवाहरूका लागि न्यायिक सचेतना तथा कानुनी शिक्षा प्रदान गरिनेछ।

६६. चौरजहारी नगरपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रूपमा नगर कार्यपालिकाबाट स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिनेछ।

६७. चौरजहारी अस्पताल, गोर्खा वेल्फेयर ट्रस्ट, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र, युनिसेफ लगायत गैरसरकारी संस्थाहरूको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

खानेपानी, सरसफाइ तथा विपद् तयारी कार्यक्रम र द्वन्द्व प्रभावित व्यक्तिहरूको सामुदायिक समावेशीकरणको लागि मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. राजनीतिक व्यवस्था र अवस्था परिवर्तनका लागि सहिद, बेपत्ता, जनयुद्धका घाइते, अपाङ्गहरूको योगदान सदा प्रशंसनीय र उच्च छ । जनयुद्ध / जनआन्दोलनका सहिद परिवारहरू, वेपत्ता योद्धा परिवार, घाइते, अपाङ्ग योद्धाहरू, पूर्व जनमुक्ति सेनाका योद्धाहरू लगायत मुक्ति र परिवर्तनका लागि योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूलाई सम्मान, सामाजिक पुर्नस्थापना, सिप विकास तथा आयमूलक कार्यक्रमहरूमा प्राथमिकता दिइनेछ । चौरजहारी क्षेत्रभित्रका जनयुद्धका सहिदहरूको सम्मानमा सहिद गेट, सहिद पार्क निर्माण, मुख्य सडकहरूको सहिदको नाम झल्कने गरी नामाकरण गरिनेछ । सहिदहरूको सम्मानमा बजार तथा मुलबाटोका चोकहरूमा शालिक बनाइनेछ ।

६९. तुलनात्मक रूपमा दलितहरू आर्थिक रूपमा विपन्न भए पनि उनीहरू सिपका धनी छन् । उनीहरूको परम्परागत पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लिइनेछ । मानव अधिकारको विश्वव्यापी मान्यता अनुरूप दलित अधिकारको संरक्षण गर्ने र जातीय छुवाछुत तथा भेदभाव जस्ता अमानवीय गतिविधिलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई एक लाखका दरले सम्मान गरिनेछ । महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरू लगायतका लक्षित वर्गहरूका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

७०. बालविवाह, छुवाछुत, महिला हिंसा, बालश्रम शोषण, मदिरापान तथा विक्रीवितरण, अन्धविश्वास, कुसंस्कार, कुरीति लगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ ।

**७१.** सामाजिक परिचालन, सामाजिक विकृति र विसङ्गतिको अन्त्य गरी सभ्य र न्यायपूर्ण समाज निर्माण गर्न प्रत्येक वडामा सामाजिक रूपान्तरण तथा सभ्य, समता र न्यायमा आधारित समाज निर्माणका लागि सामाजिक रुपान्तरण क्लव गठन गरी परिचालन गरिनेछ ।

**७२.** आमावुवा जीवनदाता हुन् । आमावुवाप्रति छोराछोरीको जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिने गलत प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ । त्यसका लागि आमावुवाको सम्मान र सामाजिक सुरक्षालाई परिवारबाटै सुव्यवस्थित गर्न प्रोत्साह गरिनेछ । जेष्ठ नागरिकहरूलाई सम्मान स्वरूप नगर बसमा निशुल्क आवतजावतका साथै न्यानो कपडा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**७३.** शान्ति सुरक्षालाई थप मजबुद बनाउन र नगरपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा नगर प्रहरीको भूमिका महत्त्वपूर्ण हुन्छ । नागरिक सुरक्षा, न्यायीक समितिका निर्णय कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा तथा विपद् र विकास निर्माणमा नगर प्रहरीलाई जिम्मेवार रुपले थप क्रियाशीलता बनाइ नगर प्रहरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**७४. अन्त्यमा,** यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने नेपाल सरकारका अर्थमन्त्री जनार्दन शर्मा, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना पूर्व मन्त्री गोपाल शर्मा, जिल्ला समन्वय समिति रुकुम पश्चिमका निवर्तमान प्रमुख राजकुमार शर्मा र चौरजहारी नगरपालिकाका प्रथम नगरप्रमुख विशाल शर्माका साथै नीति तथा कार्यक्रम प्रस्तुत गर्न अवसर प्रदान गर्ने नगरवासी सम्पूर्ण जनसमुदाय, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**